# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# कपुरकोट गाउँपालिका
# सल्यान




महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )

पत्र संख्या:२०७६/७७
च.नं ८२०

मितिः २०७७/३/२९

श्री अध्यक्षज्यू,
कपुरकोट गाउँपालिका,
सल्यान ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन। स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन्।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २६ गते।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
२०१६

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली र सुदूरपश्चिम )

पत्र संख्या: २०७६।७७
च. नं. -८०
श्री अध्यक्षज्यू,
कपुरकोट गाउँपालिका,
सल्यान ।

मिति: २०७७।३।२९

विषय :- लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको राय**

हामीले कपुरकोट गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्वन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्वन्धित अन्य विवरणले स्थानीय तहसंग सम्वन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणवाट रु. १ करोड १० लाख ४४ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४७ लाख १३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३७ लाख ४१ हजार, नियमित गर्नुपर्ने रु.१० लाख ७० हजार र पेश्की बाँकी रु. १५ लाख २० हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७६।६।५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना २१ ( एक्काइस ) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले गाउँपालिकाको पेश्की वाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानूनवमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनवमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा वन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामापनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२९
( चन्द्रकान्त भण्डारी )
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np
Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# कपुरकोट गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५/२०७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उदेश्यले कपुरकोट गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिकाको उदेश्य रहेको छ । यस गाउँपालिका अन्तरगत ६ वटा वडा रहेको गाउँसभा ३४ सदस्य ११९.२१ व.कि.मि.क्षेत्रफल, १८२०४ जनसंख्या रहेका छन् । यो गाउँपालिका कर्णाली प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम विभिन्न स्रोत बाट प्राप्त निकासा तथा आम्दानीहरु गाउँपालिकाले स्थानीय संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को संचित कोष र आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि. नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **१९६३०८४९.५४** | १ | **चालु खर्च** | ३६०९३७६३.०९ | **३६०९३७६३.०९** |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | ९०६४३७०८ | **९०६४३७०८** |
| | ख) बैंक | १९६३०८४९.५४ | | ३ | **समपुरक कोष** | ३६८३१७२ | **३६८३१७२** |
| २ | **राजस्व (आन्तरिक आय)** | | **४०२०५६५.७५** | 4 | सशर्त तर्फ | ८२६२३४६६ | **८२६२३४६६** |
| | क) आन्तरिक राजस्व | ५२४७६५.७५ | | 5 | विषयगत तर्फ | ३१८४२४३६ | **३१८४२४३६** |
| | ख) अन्य आय | ३४९५८०१ | | | | ० | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ४ | **लगानी** | ० | |
| | क)वित्तीय समानीकरण अनुदान | ७२१००००० | **२१२१७६२५६** | | ऋण लगानी | ० | |
| | ख) सशर्त अनुदान | ९५२९२००० | | | शेयर लगानी | ० | |
| | ग) राजस्व बाँडफाड | ४४७८४२५६ | | | अन्य लगानी | ० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **१४९४१०००** | ५ | **धरौटी फिर्ता** | १९९१९०० | **१९९१९००** |
| | क)वित्तीय समानीकरण अनुदान | ४९४१००० | | ६ | **कोष खर्च** | ४४४१८५५ | **४४४१८५५** |
| | ख) सशर्त अनुदान | | | ७ | **मौज्दात** | ० | |
| | ग) समपूरक अनुदान | १००००००० | | | क) नगद मौज्दात | ० | |
| | घ) विशेष अनुदान | | | | ख) बैंक मौज्दात | | **३०४०६९८७.९८** |
| | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | मुल संचित कोष | २५०५६००७.९८ | |
| | **वित्तीय व्यवस्था प्राप्ति** | | | | चालु खर्च खाता | ० | |
| ५ | क) ऋण प्राप्ति | | | | पूजिँगत खर्च खाता | ० | |
| ६ | ख) साँवा प्राप्ति | | | | धरौटी खाता | १५०३६४३ | |
| | ग) ब्याज प्राप्ति | | | | कर्मचारी कल्याण कोष | ५००००० | |
| | घ) अन्य प्राप्ति | | | | विपद् तथा प्रकोप व्यवस्थापन खाता | ५८२००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **विभिन्न कोषतर्फको आय** | ८२८९१९२ | **८२८९१९२** | | मर्मत संहार कोष | २७६५३३७ | |
| | **जनसहभागिता (नगद)** | | | | को.ले. नि. का फिर्ता | १३२२४०५५ | **१३२२४०५५** |
| ६ | **विषयगत निकायबाट प्राप्त रकम** | ३२३९७९३७ | **३२३९७९३७** | | | | |
| ८ | **धरौटी आय** | ३४९५५४३ | **३४९५५४३** | | | | |
| ९ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १० | **अन्य विविध आय** | | | | | | |
| | **जम्मा** | | **२९४९५१३४३.२९** | | | | **२९४९५१३४३.२९** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्यौटको विवरण |
|---|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। गाउँपालिकाले ऐन अनुसार अख्तियारी दिएको पाइएन। कार्यालयले ऐनको पालना गर्नुपर्दछ | | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । गाउँसभाले २०७५।३।१० मा मा आ.व. २०७५।७६ को लागि वार्षिक नीति तथा कार्यक्रम र बजेट पेश गरेको देखिन्छ । गाउँपालिकाले सेवा प्रवाह एवं विकासमा वजेट समयमा पारित नहुँदा असर पर्ने हुँदा ऐनको पालना गरी समय सिमा भित्रनै बजेट पेश तथा पारित गरीनुपर्दछ । | | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारीता, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले आन्तरीक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । जसले सेवा प्रवाह र विकासका क्रियाकलपमा असर पर्दछ । आन्तरिक नियन्त्रण सम्बन्धित देखिएका व्यहोरा निम्न छन् ।<br>• वार्षिक खरिद योजना बनाएको छैन ।<br>• तलबी प्रतिवेदन पारित गरेको छैन ।<br>• भ्रमण अभिलेख खाता राखेको छैन । दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गरेको छैन ।<br>• कार्यालयले उद्देश्य प्प्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन ।<br>• आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २०(१) मा लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था भएकोमा सो अनुरुप गरेको छैन ।<br>• पेश्की लेजर, व्यक्तिगत पेश्कीको विवरण राखेको छैन ।<br>• जिन्सी दाखिला गर्दा स्पेसीफिकेशन र मूल्य खुलाएर राखेको छैन । सहायक जिन्सी खाता राखेको छैन । | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | ● योजनागत / कार्यक्रमगत खाता राखेको छैन ।<br>● बैंक हिसाब मिलान विवरण तयार गरेको छैन ।<br>● मर्मत अभिलेख खाता तयार गरेको छैन ।<br>● एक्साभेटर, ऐम्बुलेन्स, र ट्रिपरको आम्दानी र खर्च छुट्टीने गरी अभिलेख राखेको छैन ।<br>● बिस्तृत अध्ययन प्रतिवेदन तयार नगरी आयोजना कार्यान्वयन गरेको छ ।<br>● नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार वित्तिय विवरण तयार गरेको छैन ।<br>● स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (४) अनुसार सार्वजानिक सेवा प्रवाहलाई पारदर्शि, उत्तरदायी र जवाफदेहि बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई गरेको छैन ।<br>● उपभोक्ता समितिद्धारा खरिद भएका पोलिथिन पाइप, ग्याबिन तार, फलामे डण्डी जस्ता निर्माण सामग्रीको गुणस्तर परीक्षण गरेको छैन । | | |
| ४. | **श्रोतअनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय श्रोत अनुमान तथा वजेट निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेको छ । उक्त समितिले आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवाश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत साधनको सन्तुलित वितरणको खाका तय गर्ने, आगमी आर्थिक वर्षको लागि श्रोत अनुमानको आधारमा वजेटको कुल सीमा निर्धारण गर्ने, विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने गरेको, विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धि मार्गदर्शन तय गर्ने, आफ्नो कार्य प्रत्येक वर्षको फाल्गुण महिना भित्र सम्पन्न गर्नुपर्ने र वजेट प्रक्षेपण गर्दा आगमी आर्थिक वर्ष पछिको थप दुई वर्ष समेतको गर्नुपर्नेमा गरेको पाईएन । ऐनमा भएको व्यवस्था पालना गरी दिएको काम कर्तव्य अधिकारको उपयोग गर्दै श्रोतको अनुमान तथा वजेटको सीमा तोकिएको समयमा तय गर्नुपर्दछ । | | |
| ५. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । गाउँपालिकाले सो अनुरुप गरेको पाइएन । ऐनको पालना हुनु पर्दछ । | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| ६. | **स्थनीय तथ्यांक र अभिलेख:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको पाइएन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ। | | |
| ७. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन। कार्यालयले नियममा तोके अनुरुपको ढाँचामा प्रगति विवरण तयार गर्नु पर्दछ। | | |
| ८. | **बैंक हिसाब -** कार्यालयको श्रेस्ता र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ। कार्यालयको धरौटी समेत गत वर्षको जिम्मेवारी रु १९६३०८४९.५४ यसवर्षको आम्दानी रु.२७५३२०४९३.४६ र खर्च रु २६४५४४३३५.०२ भई श्रेस्ता अनुसार मौज्दात रु ३०५१२२८७.९६ रहेको एकिकृत आर्थिक विवरण पेश भएको छ। आर्थिक वर्षको अन्त्यमा वैंक मौज्दात धरौटी समेत रु ७१६४१६५३.१३ देखिन्छ। आम्दानी, खर्च, बैंक मौज्दात बाँकी बीच रु ४१२३४६६५.१५ फरक परेको देखिन्छ। कार्यालयले बैंक हिसाब मिलान र चेक साट्न बाँकी विवरण तयार गरेको छैन। यसरी फरक देखिएको रकम रु. ४१२३४६६५.१५ वैंक हिसाव मिलान विवरण तयार गर्नुपर्दछ। | | |
| ९. | **संचित कोषः** स्थानीय शासन संचालन ऐन, २०७४ को दफा ७५ एक आर्थिक वर्षमा खर्च हुन बाँकी रहेको रकम संचित कोषमा स्वतः ट्रान्सफर हुने व्यवस्था छ। गाउँपालिकाको कार्यालयले पेश गरेको एकिकत आर्थिक विवरण अनुसार श्रेस्ता अनुसार बाँकी रकम रु. ३०५१२२८७.९६ भएकोमा बैंक अनुसार बाँकी रु ७१६४१६५३.१३ देखिएकोले आषाढ मसान्त पछि संचित कोष खाताबाट ३० जुलाईमा रु.५००००.०० र १२ अगष्टमा रु ३५००००.०० गरी जम्मा रु ५३५००००.०० पूजिँगत खर्च खातामा ट्रान्सफर गरी खर्च लेखेको देखियो। यसरी ऐन अनुसार आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचितकोष फिर्ता गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भएपछि संचितकोषबाट खर्च खातामा रकम ट्रान्सफर गरी खर्च गर्दा वित्तीय अनुशासन पालना भएको देखिएन। अतः ऐन अनुसार आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी बाँकी रकम संचितकोषमा फिर्ता गर्ने गरी आर्थिक कारोबार गर्नुपर्दछ। | | |
| १०. | **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १० प्रतिशत, दोश्रो चौमासिकमा २७ प्रतिशत र तेश्रो चौमासिकमा ६३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी अधिकाशं बजेट अन्तिम चौमासिक तथा आषाढमा भएको सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । नियमानुसार चौमासिक रुपमा कार्यक्रमहरु कार्यान्वयन गरी बजेट खर्च गर्नुपर्दछ । | | |

| बजेट शिर्षक | कुल खर्च | प्रथम चौमासिक | | दोश्रौ चौमासिक | | तेस्रो चौमासिक | | आषाढमा खर्च | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| वित्तिय समानीकरण पुजिँगत | ९०६४३ | ९०६४ | १० | २४४७३ | २७ | ५७१०५ | ६३ | ३४२६३ | ३८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| ११. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकामा रहने कर्मचारीको दरवन्दी २९ भएतापनि पदपूर्ति १३ रहेको देखियो । ४ अधिकृत सहित १६ पद रिक्त रहेका छन । ति मध्ये ४ जना करारमा राखि कार्य संचालन गरिएको छ। अनावश्यक पद भए खारेज गर्नु पर्ने र आवश्य पद समयमा पुर्तिगर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | | |
| १२. | **विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सवै गाउँपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले शुत्र सफ्ट्वेयरमा लेखा राख्नु पर्दछ। | | |
| १३. | **कन्टेन्जेन्सी खर्चः** सार्वजनिक खरीद नियमावली २०६४ को नियम १०(७) अनुसारको अनुसूची १ मा कुल प्रशासनिक खर्च (कन्टेन्जेन्सी) मध्ये २ प्रतिशत वर्क चार्ट स्टाफ खर्च र २ प्रतिशत अन्य खर्च गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले विभिन्न उपशिर्षकबाट रु.९९१०००।- (कन्टेन्जेन्सी) खर्च लेखेकोमा वर्क चार्ट स्टाफ र अन्यमा गरेको खर्च छुट्टिने अभिलेख राखि खर्च गरेको देखिएन । उक्त खर्च मध्ये अधिकांश रकम कार्यालय सामान, दैनिक भ्रमण भत्ता, बैठक भत्ता, सावारी साधन मर्मत र ईन्धन खरीद आदीमा खर्च गरेको छ । स्टाफ खर्च र अन्यमा भएको खर्च छुट्टिने अभिलेख राख्नु पर्दछ । चालु बजेटबाट यस्ता खर्च विनियोजन गरी कन्टिजेन्सीबाट खर्च गर्ने परिपाटी बन्द गर्नुपर्दछ । | | |
| १४. | **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २०(१) मा लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरण अनुसार यस आ.व. मा | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | ३ वटा ठेक्का भएकोमा १ वटा ठेक्का प्रथम चौमासिकमा र २ वटा ठेक्का दोश्रो चौमासिकमा गरेको देखियो । कार्यलयले नियमावलीको पालना गर्नु पर्दछ । | | |
| १५. | **आन्तरीक आय:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ मा कार्यालयमा नगद वा वैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकम अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्वन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष आन्तरीक आय तर्फ रु. ४०,२०,५६५.७५ आम्दानी जनाएकोमा सो को दैनिक आम्दानी रजिष्ट्रर मा नगदी र वैंक भौचर अनुसारको आम्दानी जनाई गोश्वरा भौचर खडा गरी आम्दानी नगरी वैंक जम्मा भएको आधारमा आम्दानी जनाएको देखियो । कार्यालयबाट आर्थिक वर्ष भरी कति नगदी रसिद जारी गरियो र कति रसिदको आम्दानी प्राप्त भइ कति रसिदको आम्दानी गर्न बाँकी छ सो देखिने यर्थाथ विवरण लेखापरीक्षणको लागि पेश भएन । रसिद नम्वर र वैंक भौचरलाई दैनिक आम्दानी रजिष्टरमा पोष्टिङ्ग नगरी वैंकमा आम्दानी भएको आधारमा आम्दानी वाँधेको देखिएकोले आम्दानी हुनु पर्ने रकम सवै आम्दानी भयो भनि एकिन गर्न सक्ने अवस्था रहेन । | | |
| | **वित्तय समानीकरण पुजिँगत** | | |
| १६. | **पूँजीगतबाट चालु खर्च:** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । नगरपालीकाको कार्यालयले यो वर्ष सभाबाट पारित गरि रु. ४४,६६,४६०। चालु खर्च पुजिगत वजेटमा समावेश गरि वितरणमुखी कार्यक्रमहरुमा खर्च लेखेको देखियो । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरि वजेट खर्च लेख्ने गनुपर्दछ र वितरणमुखी कार्यक्रमहरुमा खर्च गर्ने प्रवृत्तिमा सुधार ल्याउनु पर्दछ । | | |

| बजेट उपशिर्षक | गो.भौ.नं | विवरण | रकम रु |
|---|---|---|---|
| गा. पा. पूजिँगत | १८ | सिप विकास तथा जनचेतना तालिम | ४००००० |
| गा. पा. पूजिँगत | २० | ज्येष्ठ नागरिक सम्मान | ३६४९५ |
| गा. पा. पूजिँगत | २१ | गा.पा. प्रतिनिधि सँग रेडियो कार्यक्रम | १३०००० |
| गा. पा. पूजिँगत | २२ | बाखाबोका खरिद तथा वितरण | २२०००० |
| गा. पा. पूजिँगत | २०७ | अपाङ्गलाई बाखा वितरण | २६५००० |
| गा. पा. पूजिँगत | २१२ | दलित क्षमता विकास कार्यक्रम | ९५००० |
| गा. पा. पूजिँगत | २१५ | क्षमता विकास तथा संस्कृति संरक्षण | ९०००० |
| गा. पा. पूजिँगत | २१९ | विपद व्यवस्थापन | ३१३६६५ |
| गा. पा. पूजिँगत | १९५ | सार्वजनिक सुनुवाई | १३०००० |
| गा. पा. पूजिँगत | २०१ | उपाध्यक्ष सँग दिदि वहिनी कार्यक्रम बाखा वितरण | ६००००० |
| गा. पा. पूजिँगत | २०२ | अपाङ्ग लक्षित कार्यक्रम | १५०००० |
| गा. पा. पूजिँगत | १७७ | किशोरी शिक्षा कार्यक्रम | ३००००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| गा. पा. पूजिँगत | १६४ | महिला दिवस खाजा खर्च | ३0000 |
| गा. पा. पूजिँगत | १६६ | स्वच्छता कार्यक्रम खाजा खर्च | ५४000 |
| गा. पा. पूजिँगत | १६७ | अध्यक्ष कप खेलकुद व्यवस्थापन खर्च | ४00000 |
| गा. पा. पूजिँगत | १७५ | शौक्षिक सामाग्री खरिद | १00000 |
| गा. पा. पूजिँगत | १४८ | रेडियो नगर कार्यक्रम प्रशारण | ९0000 |
| गा. पा. पूजिँगत | १५२ | पल्मविङ्ग तालिम | १३0000 |
| गा. पा. पूजिँगत | १५३ | सरसफाई फ्लेक्स प्रिन्ट खरिद | ४५२000 |
| गा. पा. पूजिँगत | १0८ | रेडियो कार्यक्रम सञ्चालन | ७0000 |
| गा. पा. पूजिँगत | १५६ | आँखा शिविर कार्यक्रम | ३१0३00 |
| गा. पा. पूजिँगत | ८५ | रनिङ्ग शिल्ड प्रतियोगिता | १00000 |
| | | **जम्मा** | **४४६६४६0** |

१७. **सोझै खरिद :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धामा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न हुदैन भन्ने व्यवस्था छ । यस कार्यालयले तल उल्लेखित बजेट उपशिर्षकहरुबाट बिभिन्न सप्लार्यस तथा फर्महरुबाट सडक निर्माण, वाल निर्माण, मेशिनरी औजार जस्ता सामान पटक पटक सोझै खरिद गरी उक्त फर्महरुलाई रु. ५७,११,३२१।- भुक्तानी दिएको देखिन्छ । यसरी प्रतिस्पर्धामा सिमित हुने गरी पटक पटक खरिद गर्ने कार्य नियम सम्मत देखिएन । गाउँपालिकाले नियमावलीको पालना गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | गो.भौ.नं. | बिबरण | रकम रु |
|---|---|---|---|
| गा. पा. पूजिँगत | १ | फर्निचर खरिद | ४0४0३१ |
| गा. पा. पूजिँगत | २ | फर्निचर खरिद | २0000 |
| गा. पा. पूजिँगत | १४ | फर्निचर खरिद | २0७३८0 |
| गा. पा. पूजिँगत | ७९ | फर्निचर खरिद | ५0000 |
| गा. पा. पूजिँगत | १५६ | फर्निचर खरिद | ४९९३१८ |
| गा. पा. पूजिँगत | १५ | भवन निर्माण | २९२११३ |
| गा. पा. पूजिँगत | १६ | भवन निर्माण | ४९५५१५ |
| गा. पा. पूजिँगत | २0४ | स्वास्थ्य भवन DPR | ४९८३३0 |
| गा. पा. पूजिँगत | २0६ | खेल मैदान DPR | ४९८२१७ |
| गा. पा. पूजिँगत | ४ | मेशिनेरी औजार खरिद | ८७४00 |
| गा. पा. पूजिँगत | १0 | मेशिनेरी औजार खरिद | ४९५२५ |
| गा. पा. पूजिँगत | ३१ | मेशिनेरी औजार खरिद | ५८0७९८ |
| गा. पा. पूजिँगत | १८३ | मेशिनेरी औजार खरिद | ४९९६४५ |
| गा. पा. पूजिँगत | १८७ | मेशिनेरी औजार खरिद | ४९८५00 |
| गा. पा. पूजिँगत | १८८ | मेशिनेरी औजार खरिद | ३३५५00 |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| गा. पा. पूजिँगत | १५४ | मेशिनेरी औजार खरिद | ४९९४९८ |
| प्र.म.रोजगार | ३ | मेशिनेरी औजार खरिद | १९५५५१ |
| | | **जम्मा** | **५७११३२१** |

१८. **मुअकर ननफाईलर–:** मूल्य अभिबृद्धि कर नियमावाली ,२०५३ को नियम २६ (१) मा दर्ता भएको व्यक्तिले महिना समाप्त भएको पच्चिस दिनभित्र अनुसूची १० बमोजिमको ढाँचामा सम्बन्धित कर अधिकृत समक्ष कर बिबरण पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले देहायका दर्ता भएका फर्महरुलाई बिभिन्न कार्य गरे बापत मुल्यअभिबृद्धि कर रु. ४,५९,१२०। भुक्तानी गरेकोमा उक्त फर्महरुले कर बिबरण पेश गरेको नदेखिएकाले नियमानुसार मुअकर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त कर असुल गर्नुपर्ने रु……… ४५९१२०/-

| ब.उ.शि.न. | गो.भौ. नं | फर्म | पान नम्बर | कर बिजक नम्बर | कुल मुअकर भुक्तानी रु |
|---|---|---|---|---|---|
| गा. पा. पूजिँगत | १७८ | एन.सी. निर्माण सेवा | ३०१८९४१२४ | २१/०७६/३/२५ | १५१५७३ |
| गा. पा. पूजिँगत | १३७ | संगम एण्ड सन्देश बिल्डर्स | ६०६८६८६७ | २२/०७६/३/१७ | ३४५६३ |
| गा. पा. पूजिँगत | ११८ | संगम एण्ड सन्देश बिल्डर्स | ६०६८६८६७ | १७/०७६/२/३ | ३४५१८ |
| गा. पा. पूजिँगत | ५१ | धारापानी निर्माण सेवा | ६०६८०४७४५ | ९/०७५/११/१ | ३३७२६ |
| गा. पा. पूजिँगत | १५ | एस के. कन्स्ट्रक्सन | ३००५२२४९५ | ७/०७५/८/१४ | ३३६०६ |
| गा. पा. पूजिँगत | ३५ | धारापानी निर्माण सेवा | ६०६८०४७४५ | ८/०७५/१०/२९ | ५६५५० |
| गा. पा. पूजिँगत | २२ | उपर्सग टेक्नोलोजी प्रा.लि. | ६०३५००९९६ | १५/२०७५/९/२९ | १७२०० |
| गा. पा. पूजिँगत | २२ | उपर्सग टेक्नोलोजी प्रा.लि. | ६०३५००९९६ | १६/२०७५/९/२९ | ४००९२ |
| गा. पा. पूजिँगत | २२ | उपर्सग टेक्नोलोजी प्रा.लि. | ६०३५००९९६ | १७/२०७५/९/२९ | ५७२९२ |
| | | **जम्मा** | | | **४५९१२०** |

१९. **मूल्यअभिबृद्धि कर कट्टाः–** मूल्यअभिबृद्धि कर नियमावली २०५३ को नियम ६ (ग)मा सार्वजनिक निकायले ठेक्का सम्झौता वा करार अन्तर्गत ठेकेदार वा आपूर्तीकर्ता लाई वस्तु वा सेवा बापतको कर भुक्तानी गर्दा पचाँस प्रतिशतले हुने रकम कट्टा गरी सम्बन्धित फर्मको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गर्नु पर्ने व्यवस्था छ । कार्यालयले देहायका फर्महरुबाट ठेक्का तथा करारको माध्यबाट निर्माण कार्य र वस्तु तथा सेवा आपूर्ती गरे बापत मुअकर रु. १४,८०,०७६। भुक्तानी गरेकोमा पचास प्रतिशतले हुने रु. ७,४०,०३८। कट्टा गरेर भुक्तानी गर्नुपर्नेमा कट्टा गरेको नदेखिएकाले असुल गरी सम्बन्ति राजश्व खातामा दाखिला गर्नुपर्ने रु……… ७४००३८/-

| ब.उ.शि.न. | गो.भौ. नं | फर्म | पान नम्बर | कर बिजक नम्बर | कुल मुअकर भुक्तानी रु | दाखिला गर्नु पर्ने मुअकर |
|---|---|---|---|---|---|---|
| गा. पा. पूजिँगत | २०६ | आडिल म्यानेजमेन्ट प्रा.लि. | ६०४२६८९२१ | ३/०७६/३/२४ | ५७३१७ | २८६५८ |
| गा. पा. पूजिँगत | २१३ | एन एस बिल्डर्स एण्ड ईन्जिनिर्यस | ३०४९३५६५५ | ३५/०७६/३/२४ | २००२९५ | १००१४८ |
| गा. पा. पूजिँगत | २१३ | डि एस कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि. | ६०६८९३३६३ | ९/०७६/३/१५ | ५०३९७ | २५१९८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गा. पा. पूजिँगत | १९३ | थ्रि.जि. कन्स्ट्रक्सन प्रा.लि. | ६०४३१६६६६ | ४४/०७६/३/४ | १७२५८ | ८६२९ |
| गा. पा. पूजिँगत | १९४ | थ्रि.जि. कन्स्ट्रक्सन प्रा.लि. | ६०४३१६६६६ | ४१/०७६/३/२ | ११५०४ | ५७५२ |
| गा. पा. पूजिँगत | १७८ | एन.सी. निर्माण सेवा | ३०१८९४१२४ | २१/०७६/३/२५ | १५१५७३ | ७५७८७ |
| गा. पा. पूजिँगत | १८१ | अम्बिकाश्वरी अटो मार्ट दाङ्ग | ३०५२७६८१६ | ५१७/०७६/३/१५ | २४४९२ | १२२४६ |
| गा. पा. पूजिँगत | १८४ | ड्रिम ल्याण्ड ट्रेर्डस | ३०४९४१२५४ | ४६९/०७६/३/२३ | ३५६५० | १७८२५ |
| गा. पा. पूजिँगत | १८७ | जिइयो स्मार्ट सोलुसन प्रा.लि. | ६०६६६११३७ | ३०/०७६/३/१३ | ५७३४९ | २८६७४ |
| गा. पा. पूजिँगत | १८८ | जनरल सप्लार्यस काठमाण्डौं | ५००००१९९२ | १७३/०७६/३/९ | २७३२३ | १३६६२ |
| गा. पा. पूजिँगत | १८९ | सिद्धि विनायक फर्निचर | ६०५५४८७७६ | १७३/०७६/३/९ | ३००९५ | १५०४७ |
| गा. पा. पूजिँगत | १९१ | भाग्यलक्ष्मी ट्रेड कर्न्सन | ६०७३३४५९१ | ९०/०७६/३/१९ | ३३४१८ | १६७०९ |
| गा. पा. पूजिँगत | १३७ | संगम एण्ड सन्देश बिल्डर्स | ६०६८६८६७ | २२/०७६/३/१७ | ३४५६३ | १७२८२ |
| गा. पा. चालु | १४२ | विकास स्टेशनरी एण्ड बुक स्टल | ३०४९४२२५७ | ४८१/०७६/३/४ | ९९६६ | ४९८३ |
| गा. पा. चालु | १४७ | मालिका इन्फोसिस एण्ड सर्भिसेज | ६०४३०६२१६ | ४७/०७६/३/३ | ५६५५० | २८२७५ |
| गा. पा. चालु | १६९ | मुनाल कन्सल्टेन्ट प्रा.लि. | ६०६८१८७३७ | १४/०७६/३/२४ | ५७३५६ | २८६७८ |
| गा. पा. चालु | १७४ | मेगा सिभिल इन्जिनियरिङ्ग | ६०६८१८६१८ | ५/०७६/३/२४ | ५७३४३ | २८६७१ |
| शिक्षा शर्सत | १६ | ग्लोवल साइनटिफिक कर्पोरेशन | ३०४३८६६३९ | २८/०७६/३/१५ | ४४०५९ | २२०३० |
| प्र.म. रोजगार | २ | सुनगाभा ट्रेर्डस | ३००४२१३६७ | २२६१/०७६/३/६ | ३२३३१ | १६१६५ |
| प्र.म. रोजगार | ३ | सिद्धि विनायक फर्निचर उद्योग | ६०५५४८७७६ | ३०७/०७६/३/४ | १०३९८ | ५१९९ |
| प्र.म. रोजगार | ३ | डिजिटल कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स वर्ल्ड | ३०१५४२२३० | ८९/०७६/३/४ | २२४९८ | ११२४९ |
| प्र.म. रोजगार | ८ | पाइप पोल इन्डस्ट्रिज एण्ड सप्लायर्स | ६०६८४१८८३ | ३१/०७६/३/१७ | ३४६१३ | १७३०७ |
| प्रदेश समपुरक | १ | सुर्योदिप उर्जा/भुमी निर्माण सेवा जे.भि. | | ०३/०७६/३/१९ | ४२३७२८ | २११८६४ |
| | | **जम्मा** | | | **१४८००७६** | **७४००३८** |

२०. **हेभि मेशिन प्रयोग :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्न नहुने व्यवस्था छ। गाउँपालीकाले सडकको ट्र्याक खोल्ने र विस्तार गर्ने कार्यमा उपभोक्ता समितिबाट एक्साभेटर प्रयोग गर्ने गरी कार्य गराएको देखियो । जनश्रमदान नहुने मेशिनद्वारा गर्नु पर्ने कार्यमा उपभोक्ताले मेशिन र इन्धनको विल, अप्रेटरको ज्याला मात्र खर्चका विल संलग्न गरेको छ। उक्त कार्यमा गाउँपालिकामा रहेको जे.सि.वि. प्रयोग गरी आम्दानी गरेको समेत देखिएन। यसरी हेभिमेशिन मात्र प्रयोग हुने जनश्रमदान नहुने निर्माण कार्यहरु सार्वजनिक खरिद ऐन तथा नियमावाली अनुसार निर्माण व्यावसायीद्वारा प्रतिस्पर्धा गराई गराउनु पर्दछ। हेभि मेशिन प्रयोग गरेर निर्माण गरेका केहि उदाहरण निम्नानुसार छन्।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. | फछ्र्यौटको विवरण |
|---|---|---|---|

| ब.उ.शि.नं. | गो.भौ.नं. | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| गा. पा. पूजिँगत | २१३ | काइला डिँगा डाँग्री सडक | २५००००० |
| गा. पा. पूजिँगत | १२५ | रयाजेखोला सडक | ३९६३८९ |
| गा. पा. पूजिँगत | १२७ | सितल बजार सडक | ४४१६२५ |
| गा. पा. पूजिँगत | १०२ | छायाँनाथ मोटर बाटो | ३००००० |
| गा. पा. पूजिँगत | १११ | रिम सडक | ४००००० |
| गा. पा. पूजिँगत | ९२ | धनवांग सडक | २५००००० |
| गा. पा. पूजिँगत | ९३ | खोरिदा वन सडक | ५००००० |
| गा. पा. पूजिँगत | ७६ | रातामाटा सडक | ४००००० |
| गा. पा. पूजिँगत | ७७ | चिसापानी सडक | ५००००० |
| गा. पा. पूजिँगत | ८० | सातमुले सडक | ५००००० |
| गा. पा. पूजिँगत | ३५ | धाराखोला सडक | ५००००० |
| गा. पा. पूजिँगत | ८४ | लामपोखरा सडक | ६००००० |
| गा. पा. पूजिँगत | ५१ | जन्तेखोला सडक | ३००००० |
